# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-४३, माघ, २०७१


## भित्र


किनारामा मान्छे पुस्तक विमोचन ........................................२

मानवअधिकार अवस्था र विधमान नीति विषयक अन्तर क्रिया सञ्चालन..........................३

तनाव प्रवन्धन तथा सुशासन अभिवर्द्धन कार्यशला सम्पन्न....४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चावहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# समग्रको ३६ औं साधारणसभा सम्पन्न

यहि मिति २०७१ साल माघ १९ गते काठमाडौंमा सम्पन्न भयो । समग्रको अध्यक्ष दुर्गादत्त घिमीरेको अध्यक्षतामा सम्पन्न सो सधारण सभाको उद्घाट राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष माननीय अनुपराज शर्माले गर्नुभयो । उद्घाटन कार्यक्रममा मानवशास्त्री विहारीकृष्ण श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सल्लाहकार तथा पत्रकार आश्विनि कुमार पुडासैनी, विभिन्न सञ्चार माध्यमका पत्रकारहरू, समग्रका कार्यसमितिका पदाधिकारी, सदस्यहरू, साधारण सदस्यहरू तथा कर्मचारीहरूको उपस्थिति थियो ।

साधारण सभाले महासचिव श्री वावुकाजी अधिकारीले पेश गर्नुभएको प्रगति प्रतिवेदन तथा भावी कार्यक्रम सुझाव सहित पारित गऱ्यो । त्यसैगरी कोषाध्यक्ष रुपा विश्वकर्माले पेश गर्नुभएको गत आ.व. २०७०/७१ को खर्च रु.२ करोड १२ लाख ८७ हजार १ सय तीस, चालु आ.व. २०७१/७२ को वजेट ३ करोड ३९ लाख ६४ हजार ९ सय एकाउन , अनुमोदन गऱ्यो । त्यसैगरी आ.व. २०७०/७१ को लेखा परिक्षण प्रतिवेदनलाई साधारण सभाले अनुमोदन गऱ्यो । आ.व. २०७१/७२ का लागि लेखापरिक्षणका लागि लेखापरिक्षकको नियुक्ति, आर्थिक नियमावली संशोधन पारीत, संस्थाको लैङ्गिक तथा समावेशी संवन्धि निर्देशिका पारीत गरेको थियो। सो साधारण सभामा समग्रले विभिन्न जिल्लाहरूमा सञ्चालन गरिरहेका कार्यक्रमको प्रभाव तथा संस्थाले अव लिनु पर्ने तयनीतिका विषयमा सहभागिहरूले आ-आफ्नो सुझाव पेश गर्नुभएको थियो । साधारण सभाले समग्रलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने साझेदार संस्थाहरू, दातृ निकाय तथा किनारामा मान्छे नाम पुस्तक लेख्नुहुने पत्रकार कृष्ण मुरारी भण्डारीलाई धन्यावाद दिने प्रस्तावलाई अनुमोदन गरेको थियो ।



*साधारणसभाका सहभागीहरू*

## आ. ब. २०७०/०७१ को आम्दानी तथा खर्च विवरण

| आम्दानी तर्फ | रकम |
|---|---|
| गत आ.ब.०७०/७१ को मौज्दातबाट | रू.१०,७२,७०६।- |
| डानिडा/हुगोबाट | रू.८५,००,०००।- |
| गरिबी निवारण कोषबाट | रू.८,५७,५४२।- |
| जि.एफबाट | रू.७५,००,०००।- |
| शिक्षा कार्यालय धादिङ्गबाट | रू.४,८३,८१६।- |
| संस्थागत आम्दानी तथा घुम्ती कोषबाट | रू.८२,९२,९१९।- |
| जस मध्ये संस्थागत आम्दानीबाट | रू.८,२१,३८९।- |
| घुम्ती कोषबाट | रू.७४,७१,५३०।- |
| **जम्मा आम्दानी** | रू.**२,६७,०६,९८३।–** |
| **खर्च तर्फ** | |
| प्रशासनिक तथा शिर्शक अनुसारको खर्च | रू.४३,२५,३३८।- |
| • परिश्रमिक तथा सेवा सुविधा | |
| • भ्रमण तथा यातायात खर्च | १,०१,६३,४२५।- |
| • घरभाडाहरु (केन्द्र तथा जिल्लाको समेत) | र.१,१२,७०७।- |
| • घरभाडाहरु (केन्द्र तथा जिल्लाको समेत) | **१,४२,६०,७९३।-** |

कर्मचारी पारिश्रमिक तथा सेवा सुविधा रु.२८,३२,७८८।-

रु.२,९०,८४५।-

**रु.३९,८४,६६०।–**

**जम्मा**

**कुल खर्च**

सम्पति तर्फ

भ्रमण तथा यतायात खर्च

कार्यक्रम संचालन (घुम्ती कोषको समेत) खर्च

# किनाराका मान्छे पुस्तक विमोचन

वरिष्ठ पत्राकार कृष्ण मुरारी भण्डारीले समग्रले काम गरेका विभिन्न जिल्लाहरूको स्थलगत भ्रमण गरी ग्रामीण भेगका विभिन्न २८ वटा पात्रहरूको कथालाई समेटेर लेख्नुभएको किनाराका मान्छे नामक पुस्तक २०७१ साल माघ १९ गते राष्ट्रिय यो किताब पठनयोग्य छ । आयोगले मानवअधिकार घरघरमा भनेका छौं, कसरी पुऱ्याउने भन्नेमा मानवअधिकार आयोग एक्लैले सक्दैन। समग्रजस्ता संस्थासँग मिलेर पनि धेरै काम गर्ने योजना ल्याउने छ । तपाईहरूजस्तै मानवअधिकारकर्मीको




*'किनाराको मान्छे' पुस्तक लोकार्पण गर्दै राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्मा ।*

मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्माले विमोचन गर्नुभयो ।

आफ्नो भनाई राख्दै श्री शर्माले भन्नुभयो: नेपालमा राजनीतिक र नागरिक अधिकारका क्षेत्रमा धेरै काम भए। अहिले मानवअधिकार आयोगले नारा दिएका छौं- गाउँ-गाउँमा मानवअधिकार। सामाजिक संस्थाको रूपमा अभियान गर्ने सोच बनाएका छौं। सामाजिक चेतनामा समग्र विकास सेवा केन्द्र जस्ता संस्थाहरूले अभियान चलाउन सक्छन् ।

राजनीतिको अभिष्ट र लक्ष्य सत्ता-समीकरणको मात्र हुन्छ। राजनीतिक दलले समावेशिताको कुरा गर्छन्, चरित्र पनि देखाउँछन्। हाम्रै संविधानसभामा हेर्यौं भने सबैभन्दा बढी महिला त्यहीं छन्। जनजाति, दलित, मुस्लिम पनि छन्, पिछडिएको सीमान्तकृत पनि छ तर ती राजनीतिक दलको ह्वीपले ती बन्धनमा हुन्छन् । त्यसकारण संविधान किन बनाउन सकेनन्। यो पुस्तकको अध्ययन गर्दा पनि त्यही देखिन्छ। यसकारण राजनीतिक दलले त्यत्तिको दरिलो भूमिका खेल्दैनन् बरु सामाजिक संस्थाहरूले खेल्न सक्छन् ।

सहयोगमा यो अभियानलाई अघि बढाइनेछ ।

सो पुस्तकको मानवशास्त्री तथा पूर्व प्रशासक विहारी कृष्ण श्रेष्ठ तथा पत्रकार आश्विन पुडासैनीले समीक्षा गर्नुभयो । पुस्तकको समीक्षाको क्रममा विहारी कृष्णले भन्नु भयो: नेपाली वाङ्मयमा यस्तो पुस्तक धेरै पढ्न पाइँन्न । यो पुस्तकका हरेक कथा मार्मिक लाग्यो ।

'ठूलो जात' र धनी व्यक्तिले 'सानो जात' र गरिबलाई थिचोमिचो गर्ने परम्परा यथावत नै छ भन्ने पुस्तकमा देखिन्छ । तराईका चमारहरूको कथामा 'ठूलो जात' महिला सुत्केरी हुँदा त्यहाँ स्याहारसुसारमा जाँदा उसको लोग्नेले यौनअपराध पनि गर्ने अन्यायका कथा पनि यसमा छ । 'ठूलो जात'का मान्छेले थिचोमिचो गरेकाले सिनो फाल्दैनौं भन्ने कथा छ ।

'सानोजात'को एक्लो गरिब शक्तिहीन हुन्छ तर सामाजिक परिवारमा संगठित भएपछि नयाँशक्तिको सञ्चार भएको देखिन्छ। एक्लो चमारले संवाद गर्न नसक्ने 'ठूलाजात' सँग संगठित चमारले गर्नसक्छ । संगठनले सामाजिक सम्बन्धका शर्तहरूलाई तलमाथि गर्ने क्षमता राख्छ भन्ने देखाएको छ । एक्लाएक्लै गर्न नसक्ने कामहरू संगठित भएपछि संभव हुन्छ ।

सामाजिक परिवारमा संगठित भएपछि पानी, कृषि, सरसफाइमा सुधार भएको छ । समाजमा झै-झगडा रोकिएको छ । बालबच्चा विद्यालय पठाउँन थालेपछि सफा र राम्रो लुगा लगाउने भएका छन् । जनतालाई संगठित गरेर विकासको प्रयास गर्नसक्ने वातावरण बन्छ । तल्लो श्रेणीको मान्छेलाई माथि उकास्ने उपाय संगठन मात्रै हो भन्ने यसले देखाएको छ। समग्रले गर्दा उनहिरूको जीवन फेरिएको यस पुस्तकले देखाएको छ ।

त्यसैगरी अर्का समीक्षक पुडासैनीले भन्नुभयो: 'किनाराका मान्छे' मा छ वटा जिल्ला समेटिएका छन्। धादिङका ३ जना, गोरखाका छ जना, लमजुङका ४, उदयपुरका ३, सप्तरीका ५ र सिराहाका ७ जना गरी जम्मा २८ जनाको कथा छ, जसमध्ये १३ महिला र १५ पुरुष छन्।

संयोग भन्नुपर्छ- पुस्तक २०५ पृष्ठको छ। संसदीय व्यवस्थाले मुलुकमा केही गरेन भन्ने टीकाटिप्पणी भइरहेको बेला त्यसबेलाको निर्वाचन क्षेत्रको प्रतिनिधित्व यो पुस्तकका पृष्ठले गरेजस्तो लागेको छ। केही चाहिँ भएको रेछ । डोरनाथ न्यौपाने जस्ता गाउँ-गाउँ गएर यो अभियान सुरु गरेका रहेछन् । यी प्रतिनिधि पात्र मात्र हुन्। कथा समग्र देशको हो। हामीले थुप्रै अरबपतिहरूका पुस्तक पढ्यौं । रातारात बिक्री भए । यो त्यस्तै बिक्री हुन योग्य छ। यो आफूलाई उच्च व्यक्तित्व देखाउन पात्रहरूले आफैं चाहेर बनाएको पुस्तक हैन । त्यसैले यथार्थपरक छ । पुस्तक अंग्रेजीमा पनि अनुवाद गर्नुहोला। स्कुलमा यो पुस्तक पुऱ्याउन सक्यौं भने यसका पात्रहरूले प्रेरणा पाउने छन् । पुस्तकमा प्रेरणाको स्रोत, उद्यमशीलताको कुरा छ। विद्यालय, सरसफाइ, खानेपानीको कुरा उल्लेख गरिएको छ । बचत, वित्तीय अनुशासन, सुशासन र सहभागीताका कथा छन्। एउटा अछुत कर्मकाण्ड पढेर कसरी पुरोहित बन्न सक्यो भन्ने कथा छ । सामाजिक कुरीति कसरी हटाइँदैछ भन्ने पनि कथामा देखिन्छ।

सो अवसरमा पुस्तकका लेखक कृष्ण मुरारी भण्डारी, पुस्तकका पात्रहरू मध्येबाट गोरखाका मन्सुरी तामाङ्ग, सिरहाका अधिकलाल रामले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

# मानवअधिकारको अवस्था र विद्यमान नीति विषयक अन्तरक्रिया सञ्चालन




यहि मिति २०७१ साल माघ १९ गते काठमाडौंमा राष्ट्रिय स्तरमा अन्तरक्रिया सञ्चालन गरियो । समग्रले कार्यक्रम सञ्चालन गर्दै आइरहेको जिल्लाहरूमा स्थानीय नागरिकहरूले भोग्नु परेका समस्याहरूलाई नीति निर्माण तहमा रहेका निकायका प्रतिनीधिहरू सम्म पुर्‍याई नियम कानुनमा संशोसन गर्न सघाउँ पुर्‍याउने उद्देश्यले आयोजना गरिएको यस वकालत अर्थात अन्तरक्रियामा विभिन्न जिल्लाहरूबाट आएका सामाजिक परिवारका प्रतिनीधिहरू, समग्रका स्वयंसेवक तथा कार्यकर्ताहरूले आफूले भोगेका तथा कार्यस्थलमा देखिएका समस्याहरू अतिथिहरू समक्ष राखेका थिए भने अतिथिहरूबाट हालको विद्यमान कानुनी व्यवस्थाका वारेमा स्पष्ट पार्दै कतिपय मुद्दाहरू संवोधनका लागि कानुनी फेरवदलमा सहयोग गर्ने विचार व्यक्त गरेका थिए ।

पत्रकार माधव ढुंगेलले सहजीकरण गर्नुभएको यस कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गोविन्द शर्मा तथा स्थानीय विकास मन्त्रालयका सहसचिव रेश्मीराज पाण्डे अतिथिकोरुपमा रहनु भएको थियो । विषय प्रवेश गराउदै पत्रकार ढुंगेलले आफ्नो विचार यसरी राख्नु भयो: मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको १० डिसेम्बर १९४८ देखि अहिलेसम्म ६६ बिते तर हामी नेपाली कसैले नमारिदिएका कारण मात्र बाँचेका मान्छे भन्ने हौं अवस्था छ । नेपालमा राज्यसँग मान्छेको समेत हिसाबकिताब छैन ।

नेपालको मानवअधिकार अहिलेसम्म जीउन पाउने अधिकार (Right to life) मा मात्र सीमित रह्यो । राष्ट्रिय मानवअधिकार आयोगले पनि यसमा धेरै काम गरेको छ । दशवर्ष माओवादी सशस्त्र द्वन्द्वका बेला कहीं मान्छे मारिन्थे । सञ्चारमाध्यममा समाचार छापिन्थ्यो । अनि आयोगको टोली गएर छानबिन गर्थ्यो । यो श्रृंखला लामो चल्यो । मानवअधिकार भनेको मान्छेले सम्मानित र मर्यादित मान्छे भएर जीउन पाउने अवस्था हो । मर्यादित जीवन कसरी बाँच्ने त ? यहाँ धेरै जिल्लाबाट प्रतिनिधिहरू आउनुभएको होला । सिराहा-सप्तरीका दलित बस्तीमा समानताका पाठ धेरै पढाए तर तिनै 'उच्च' हरूले काम गर्न दिए हाम्रो चुलोमा बिहान-बेलुका आगो बल्थ्यो भन्ने अवस्था पनि त्यहाँका गरीब र दलितमा विद्यमान छ । यो अवस्थालाई सामञ्जस्य गरेर कसरी अघि बढाउने, गरिब रधनीको खाडललाई कसरी घटाउने ? अबका दिनमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका बारेमा केन्द्रित भएर काम गर्ने कि नगर्ने ? अहिलेको मूल मुद्दा यो हो । अब हामी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा केन्द्रित हुनुपर्छ ।

प्रश्नोत्तर शैलीमा केन्द्रित सञ्चालन गरिने यो कार्यक्रममा हुने तीन जना अतिथि निम्ता गरेका थियौं । त्यसमध्ये कानून निर्मातामध्ये एक विकास समितिका सभापति सभासद् रविन्द्र अधिकारी संविधानसभाको प्रस्ताव निर्माण समितिको बैठक परेका कारण आउन नसक्ने जानकारी गराउनुभएको छ ।

हामीसँग मानवअधिकारको अनुगमन गर्ने राज्यको स्वतन्त्र निकाय राष्ट्रिय मानवअधिकार आयोग, जसले सरकारलाई समेत निर्देशन गर्छ, का सदस्य गोविन्द शर्मा र कानून कार्यान्वयन गर्ने निकाय नेपाल सरकारका सहसचिव रेशमीराज पाण्डे हुनुहुन्छ । तपाईंहरूले सोधेका प्रश्नलाई उहाँहरूले सम्बोधन गर्नुहुन्छ । हामी कहाँ चुकेका छौं, कसरी अघि बढ्नुपर्छ भन्नेबारे प्रश्नोत्तरका रूपमा यसलाई हामी सञ्चालन गर्नेछौं ।

त्यस पछि सहभागिहरूबाट आएका समस्याहरू खासगरी राष्ट्रिय मानवअधिकारको भूमिका स्थानीय तहसम्म पुग्न नसकेको, कारागारमा क्षमता भन्दा वढी वन्दी राखिएको, महिला हिंसा वढ्दै गएको, स्वदेशमा रोजगारी नहुनाले लाखौं युवाहरू विदेशी पर्ने र उनीहरूले जोखिम युक्त काम गर्नुपर्ने त्यसमाथि पनि धेरै ठाउँबाट ठगिनुपर्ने विद्यमान अवस्था, असार २४ गते बजेट जान्छ र २५ गते खर्च हुन्छ । योजनाहरू खल्तीबाट आउने गरेका छन् । यस्तो अवस्था कहिलेसम्म ? स्थानीय निकायमा खाली दरवन्दीमा कर्मचारी भर्ना नहुनु तथा स्थानीय निकायका कर्मचारीहरूको अन्यत्र सरुवा नहुदाँ धेरै समय एउटै कार्यालयमा काम गरी आफ्नो डाडागिरी चलाई अन्य कर्मचारीहरूलाई धेरै समय टिक्न नदिनु जस्ता विषयहरूमा श्री शर्मा र पाण्डेज्यूले पालैपालो सहभागिको जिज्ञासा मेटाउने प्रयास गर्नु भएको थियो । साथै उहाँहरूबाट फेरवदल गर्नुपर्ने नीति नियमका विषयमा संवन्धित निकायमा पुर्‍याउने वचन वद्धता पनि गर्नुभयो ।

यसरी स्थानीय स्तरबाट आएर आफ्नो समस्या सरकारी प्रतिनीधिहरूसंग राखी खुलला छलफल चलाउन पाउँदा सामाजिक परिवारका प्रतिनीधिहरू दंग गरेका थिए । यस अन्तरक्रिया कार्यक्रममा झण्डै १२० जनाको सहभागिता थियो ।

# १०५ औं अन्तराष्ट्रिय महिला दिवस मनाइयो

समग्रले कार्यक्रम सञ्चालन गरिरहेका जिल्लाहरू तथा सामाजिक परिवार तहमा १०५ औं अन्तरराष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइयो ।




गोरखा: वोर्लाङ्ग गाविस स्थित क्यामुन्टारमा विभिन्न १० वटा सामाजिक परिवारहरू मिलेर १०५ औं अन्तरराष्ट्रिय नारी दिवस मनाए । फुलबारी समाजिक परिवारको आयोजनामा भएको उक्त दिवस कार्यक्रममा विभिन्न १० वटा सामाजिक परिवारका प्रतिनीधिहरू, स्थानीय संघसंस्थाका प्रतिनीधिहरू, नागरिक समाजका अगुवा सहित ७० जना भन्दा वढी सहभागि भएका थिए। सहभागिहरूले विभिन्न नाराहरू महिला पुरुष एक हौँ, लैङ्गिक हिंसा बन्द गरौं, नारी हक अधिकार पाउनु पर्दछ, १०५ औं नारी दिवस सफल पारौं भन्दै र्‍याली प्रदर्शन गरेका थिए। सो र्‍याली क्यामुनटारबगैंचाबाट सुरु भई ज्यादुल खोला, पाटन देवि प्राङ्गण हुदैं पुन: भिमसेन थापाको बगैंचामा आई कोण सभामा परिणत भएको थियो ।

औपचारिक सभाको सभापतित्व फुलबारी सापका अध्यक्ष कमला कुमाल र प्रमुख आतिथ्यता पाटन माविका प्रधानाध्यापक भरत श्रेष्ठले र शिक्षिका निर्मला कुमालले सहभागिहरूलाई स्वागत गरिन। मन्तव्यको क्रममा गुञ्जमान कुमालले समग्रले बेनीघाट-आरुघाट मोटर बाटो खन्दा उक्त बाटोमा ज्यालादारीमा काम गरी कमाएको पैसाले आफ्नो जीवनस्तर माथि उठेको, साहुको ऋण तिरेको र खेत किनेको कुरा गर्दै आगामी दिनहरूमा पनि समग्रले यस्तै राम्रो काम गर्न शुभकामना दिए। देविस्थान सामाजिक परिवारकी अध्यक्ष सिता माझीले आफ्नो मन्तव्यको कममा समग्रले गर्दा आफु यो अवस्थामा आइपुगेको र आफुले धेरै तालिम लिएको, तराई भ्रमण जाने अवसर पाएको, आफ्नो सिकाई भोगाईको कुराहरू राखिन्। समग्रका संयोजक भरतप्रसाद श्रेष्ठले नारी दिवसको महत्व तथा महिला हकअधिकारका विषयमा आफ्नो मन्तव्य राखेका थिए ।

सप्तरी: १०५ औं महिला दिवश राजविराजमा भव्यताका साथ मनायुँ । समग्र, महिला विकास कार्यालय र अधिकारका क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले राजविराजको राजदेवी मन्दिरबाट र्‍याली निकाली राजविराजको परिक्रमा गरी जिल्ला विकास समितिको हलमा कार्यक्रम सम्पन्न भयो । र्‍यालीमा महिला हिंसा अझ बढ्दै गएको हँदा सवै सचेत हुनुपर्ने र त्यसको लागि कानुन बलियो बनाउनु पर्दछ भन्ने विषयमा सहभाागीहरू एकमत देखिएका थिए। साथै यसैलाई मिल्दो नाराहरू पनि लगाईएको थियो ।

लमजुङ: सिमपानी, घनपोखरा, र खुदी गाविसका विभिन्न १३ वटा आमा समुह तथा सामाजिक परिवार का १५३ जनाको समुहले संयुक्तरुपमा १०५ औं महिला दिवस मनाए। सहभागिहरूले महिलाअधिकार हक अधिकार संवन्धि नारा लेखिएको व्यानर, कार्ड सहि नारा लगाउदै र्‍याली प्रदर्शन गरे। सो अवसरमा खुदी गाविसको हिमचुली वोडिङ्ग स्कुलमा भएको सभामा हाजीरी जवाफ प्रतियोगिता सम्पन्न भएको थियो । विभिन्न १३ वटा समुहले भाग लिएको सो



प्रतियोगितामा नरदेवी आमा समुह खुदी पहिलो, मिलन आमा समुह सिम्पानी दोस्रो, कोटकालिका साप सिम्पानी तेस्रो र श्रीदेवी साप सिम्पानीले सान्त्वना स्थान हासिल गरेका थिए । यस कार्यक्रम सञ्चालनका लागि अन्नपुर्ण संरक्षण क्षेत्र (एक्याप), समग्र र त्रिशक्ति महिला सञ्जालको आर्थिक सहयोग रहेको थियो ।

त्यसैगरी धादिङ्ग, लमजुङ्ग, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, उदयपुर जिल्लाहरूले विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरू मिलि संयुक्तरुपमा नारी दिवस मनाए ।

## सामाजिक लेखाजोखा सार्यक्रम सम्पन्न

२०७१ फाल्गुन २५ गते शम्भुनाथा नगरपालिका भवन निमार्ण र विकासका वारेमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । खासगरी शम्भुनाथ नगरपालिका भवन निर्माणको स्थल छनौटका वारेमा स्थानीय विवाद समाधान गर्न सहयोग पुऱ्याउनका लागि सो सार्वजनिक सुनवाईको आयोजना गरिएको हो । दुर्गानन्द सदाको अध्यक्षतामा भएको कार्यक्रममा शम्भुनाथ न.पा.का अधिकृत वालकृष्ण ढुगाना, शम्भुनाथ नपाका सलाहकार समिती सदस्य विनोद प्रसाद सिंह, शम्भुनाथ मन्दिर निमार्णका जग्गा दता डा.सुरेन्द्र प्रसाद गुप्ता, स्थानीय सामाजिक परिवार, पत्रकार, नागरिक समाज, राजनैतिक दल र विभिन्न संघ संस्था गरी ७० जना भन्दा वढीको सहभाता थियो । कार्यक्रममा वालकृष्ण ढुगानाले नगर भवन निर्माण विवादका कारण हुन नसकेको कुरा वताए । कठौना वजार देखि २०० मिटर उत्तरमा वनकार्यालयको भवन रहेको स्थानमा रहेको जग्गा विवाद समाधान सवै मिलेर गर्नुपर्नु सहभागिहरूको ठम्माई थियो । सो कार्यक्रममा विभिन्न वक्ताहरूले सामाधानका उपायहरू वताएका थिए । .




## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन सम्झौता

लमजुङ्गका विभिन्न १० वटा गाविसहरूमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम परिचालनका लागि जिल्ला विकास समिति लमजुङ्ग र समग्र विच सम्झौता भएको छ । लमजुङ्ग जिल्लाको भार्ते, चिती, हिलेटक्सार, श्रीमञ्ज्याङ्ग, ढोडेनी, पाचोक, नौथर, वन्सार, अर्चलवोट र फलेनी गाविस गरी १० वटा गाविसमा सञ्चालन भैरहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम परिचालन समग्रले गर्नेगरी सो सम्झौता भएको हो । यस अन्तर्गत हरेक गाविसमा एक-एक जना गरी १० जना सामाजिक परिचालक र १ जना सामाजिक परिचालन कार्यक्रम संयोजक सहित ११ जना जनशक्ति समग्रको मातहतमा परिचालन हुनेछ । हरेक गाविसको वडा स्तरमा रहेको वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरूको परिचालन, योजना छनौट, स्थानीय स्तरमा सञ्चालन हुने योजनाहरूको कार्यान्वयनमा सहयोग, वन्चीतिकरणमा परेका समुहहरूको सशक्तिकरण लगायत गाविसमा हुने सवै खाले विकासको कार्यमा यस कार्यक्रमले सहयोग पुऱ्याउदै आइरहेको छ । ●

## मानवअधिकार, उल्लँघन हनन् तथा ज्यादति विरुद्ध अन्तरक्रिया

लहान न.पा वार्ड न. २२ सिसबनी सदा टोलमा रहेको प्रगति सामाजिक परिवारमा मानव अधिकार , उल्लङ्घन, हनन् तथा ज्यादति विरुद्ध अन्तरक्रिया भयो । प्रगति सामाजिक परिवारका अध्यक्ष श्री लालो देवी सदा ज्युको अध्यक्षतामा सम्पन्न सो अन्तरक्रियामा स्थानीय स्तरमा राज्यका निकायबाट वा व्यक्तिबाट भएका मानव अधिकार उल्लङ्घन, हनन् तथा ज्यादति विरुद्द कसरी अभियान चलाउने, त्यसको पहिचान गर्ने तरीका वारे छलफल भयो । त्यसैगरी लहान नपा वार्ड न. २२ मा रहेको सरस्वती सामाजिक परिवार को अध्यक्ष श्री सुहाग देवी रामको अध्यक्षतामा मानव अधिकार हनन सम्बन्धि घटनाहरूको अनुगमन कसरी गर्ने र अभिलेखिकरण कसरी राख्ने भन्ने विषयमा प्रशिक्षण तथा अन्तरक्रिया भयो । सो संवन्धी विषयमा समग्रका निर्जना कुमारी चौधरी र प्रेम कुमारी थापाले सहजीकरण गरेका थिए । सितापुर(प्र.ध.) वार्ड न.५ अर्न्तगत श्री रामा

महन्थी यादव उच्च मा.वि.मा श्री अधिकलाल रामको अध्यक्षतामा मानव अधिकार उलङ्घन विरुद्द जनचेतना अभियानसम्पन्न गरियो । यी कार्यक्रमहरूमा सामाजिक परिवारका सदस्यहरूको उपस्थिति थियो ।.

## सार्वजनिक सेवा र सुविधामा सिमान्तकृत मानिसहरूको पहुँच संवन्धि अन्तरक्रिया

२०७१ साल फागुन १५ गते उदयपुर जिल्लाको त्रियुगा नपा वडा नं ९ स्थीत दर्पण शान्ती सेवा समाजको भवनमा दिपक कुमार वान्ताव को अध्यक्षतामा सार्वजनिक सेवा र सुविधामा सिमान्तकृत मानिसहरूको पहुँच वृद्धि विषयक अन्तरक्रिया सम्पन्न भयो ।



श्री जनता माध्यामिक विद्यालय श्रीपुरका प्र.अ. शिवचरण ठाकुर , त्रियुगा नगरपालिका उदपुर गाईघाटका प्रतिनीधि श्री वेदनाथ ढुंगाना, ने.क.पा.एमालेका वडा पार्टी सचिव खड्ग थापा, नेपाली कांग्रेसका नगर सदस्य मिन वहादुर मगर, सरस्वती सामुदाय वन उपभोक्ता समितीका सदस्य गणेश खड्का, दर्पन शान्ती सेवा समाज नेपालका कोषाध्यक्ष निर्मला खतिवडा, नवगोरेटो युवा समुहका सदस्य महेन्द्र राई, उदय पुस्तकालयका उपाध्यक्ष अजय सुन्दास, सुनाखरी टोल विकास समुहका कोषाध्यक्ष टिका कुमारी राई, प्रकृति समाज सुधार वालुबाटारका संरक्षक लाल वहादुर निरौला, स्वास्थ चौकी प्रमुख श्रीकान्त चौधरी, घरेलु तथा साना विकास समितिका लेखापाल तारानाथ आर्चाय, जिल्ला पशुसेवा केन्द्र गाईघाटका वेनु वस्नेत, समग्रका किरण ढुंगाना सहित सामाजिक परिवारहरूको उपस्थिति रहेको उक्त अन्तरक्रियामा ५० जना भन्दा वढिको सहभागिता थियो ।

प्र.अ शिवचरण ठाकुरले विद्यालयबाट १ देखि ८ कक्षा सम्मका १६७ जना वालिकालाई रु. ४०० का दरले, ७० जना दलित विद्यार्थीलाई ४०० का दरले, ९ र १० का लागि जेहेन्दार विद्यार्थीलाई १७०० का दरले , अपाङ्ग १ जनालाई ३००० का दरले छात्रवृत्ति वितरण गरिएको जानकारी दिनुभयो । वन समुहका सदस्य गणेश खड्काले सामुदायिक वन परिचालन संवन्धि विषयमा जानकारी गराउनु भयो । स्वास्थ चौकी प्रमुखले उपचारात्मक सेवा प्रत्येक दिन आइतबार देखी शुक्रबार १०:३० देखी ३:३० सम्म प्रस्तुती सेवा, वच्चाका लागि खोप, परिवार नियोजका साधन वितरण, कुष्टरोगको उपचार, पोलियो जस्ता गरी ३२ किसिमका औषधीहरू निशुल्क रुपमा तितरण गरी रहेको निशुल्क परिक्षण सेवा स्वास्थ्य चौकीले दिईरहेको जानकारी गराउनु भयो । त्यसै गरी जिल्ला पशुसेवा कार्यालय, नगरपालिकामा पाइने सेवा सुविधाहरू, घरेलु तथा साना उद्योग कार्यालयबाट उपलव्ध हुने सेवाहरूका विषयमा संवन्धित व्यक्तिहरूले जानकारी गराउनु भएको थियो । सामाजिक परिवारका सदस्यहरूले आफुले भोग्नु परेका समस्याहरूका वारेमा अवगत गरएका थिए । यसबाट सेवा दिने र लिने दुवैका लागि यो अन्तरक्रिया लापदायी भएको विचार सहभागिहरूले व्यक्त गरेका थिए ।

# सुशासन अभिवर्द्धन कार्यशाला सम्पन्न

यही २०७१ माघ २३, २४ र २५ गते समग्र विकास सेवा केन्द्रबाट आयोजना भएको ३ दिने **सुशासन अभिवर्द्धन कार्यशाला** गोरखावजारमा सम्पन्न भयो । सरकारी अधिकारी तथा निकायहरूलाई जनमुखी सेवा प्रवाहका लागि क्षमता अभिवृद्धि गरी सिमानकृत मानिसहरूको सरकारी सेवा, सुविधा र स्रोतहरूमा पहुच वृद्धि



गराउने उद्देश्यका साथ आयोजना गरिएको सो कार्यशालामा गोरखा स्थित विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनीधिहरू, समग्रले कार्यक्रम सञ्चालन गरेका गा.वि.स.का सचिवहरू गरी ४० जनाको सहभागिता रह्यो ।

**कार्यशालाको उदघाटनः**

माघ २३ गते बिहान ८.३० बाट कार्यशालाको उद्‌घाटन सत्रको सुरुवात भयो। यस कार्यशालाको उद्‌घाटन सत्रको सभापतित्व गोरखा जिल्लाका स्थानीय विकास अधिकारी श्री प्रेमराज गिरीले गर्नु भएको थियो। प्रमुख अतिथि जिल्ला न्यायधिश माननीय प्रकाश कुमार काफ्लेले फूल फूल्दै गरेको गमलामा पानी हालेर उद्घाटन गर्नुभयो । सो कार्यशालामा सहभागीहुनेहरूलाई स्वागत गर्नुहुँदै समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले कार्यशालाको उद्देश्य माथि प्रकाश पार्नुभयो । प्रमुख अतिथिले कर्मचारीहरू सधैं प्रेशरमा रहेर काम गर्नुपर्ने भएकोले यो तालिमले उचित व्यवस्थापनको लागि महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। बिशेष अतिथिको रुपमा आफ्नो मन्तब्य राख्नुहुँदै प्रमुख जिल्ला अधिकारी श्री उद्धव प्रसाद तिमल्सीनाले समग्रले आयोजना गरेको यो तालिम/कार्यशाला अत्यन्त सान्दर्भिक र महत्वपूर्ण रहेकोले सबै कार्यालय प्रमुखहरूलाई सहभागी भई धेरै कुराहरू सिक्न उत्प्रेरित गर्नुभयो । उद्‌घाटन सत्रको समापनको क्रममा स्थानीय विकास अधिकारी श्री प्रेमराज गिरीले सबैलाई स्वागत गर्नुहुँदै यस प्रकारको तालीमको आयोजना गरी समग्रले सरानीय काम गरेको र यसको प्रभाव सुखद् हुने तथा जिल्लाबाट हुनसक्ने सहयोगको लागि जिविस सधै तत्पर रहेको वताउनुभयो ।

कार्यशालाको पहिलो दिन अर्थात माघ २३ गते तनाव प्रवर्द्धनका विषयमा डा.राजु अधिकारीले सहजीकरण गर्नुभयो। १.यसरी शत्रु वन्छ तनाव २. तनावको इतिवृतान्त ३.तनाव प्रवन्ध एवं सुशासन अभिवर्द्धन ४. दिन चर्या गरी ४ वटा सत्रमा विभाजन गरी विभिन्न अभ्यास, योगा र प्रस्तुतिबाट सहभागिहरूलाई सबैखाले तनावबाट मुक्त राख्ने प्रयास गर्नुभयो ।

दोस्रो दिन :कार्यशालाको दोस्रो दिन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ निर्देशक श्री केदार वहादुर रायमाझीले सुशासन प्रवर्द्धनका लागि सान्दर्भिक २ वटा विषयहरूमा मुख्य सहजीकरण गर्नुभयो ।

१. वानी व्यहोरा परिवर्तन ।
२. सकारात्मक धारणा :-

लामो समय प्रशिक्षण तथा मनोविमर्शकर्ताकोरुपमा विताउनु भएका रायमाझीको प्रशिक्षण कलाले सवै सहभागिहरू मन्त्रमुग्ध भएका थिए । दोस्रो दिनको अन्तिम शत्रको रौनक अझै महत्वपूर्ण थियो। नेपाल सरकारका मुख्य सचिव लिलामणी पौडेलज्यूको प्रशिक्षण रहेको त्यो सत्र सवैको चासो र प्रतिक्षाको समय थियो । मुख्य सचिवज्यूलाई सहभागिहरूको तर्फबाट प्रमुख जिल्ला अधिकारी उद्धव प्रसाद तिमल्सीनाले स्वागत गर्नुहुँदै गोरखाका लागि महत्वपूर्ण ३ वटा मागहरू प्रस्तुत गर्नुभयो। वेनीघाट, आरुघाट हुँदै सामागाउँ सम्मको मोटरबाटो निर्माण, मनास्लु हिमाललाई आरोहणका लागि खुल्ला गरिनु पर्ने र बुढी गण्डकी हाइड्रो पावर निर्माण यसले गोरखाको आर्थिक अवस्था फेरिने छ ।

मुख्य सचिव लिलामणी पौडेलले तालिमका सहभागि प्रतिनिधिहरूसँग जिल्लाको प्रमुख समस्याका बारेमा छलफल गर्नुदुँदै करीव पौने २ घण्टा सुशासन तथा सेवा प्रवाहका विषेशमा प्रशिक्षण दिनुभयो। उहाँले कर्मचारीहरूको स्थायीत्व नहुदा सेवा प्रवाहमा असर परेको सुनिन्छ। स्थायीत्व नहुनुमा प्रमुख २ वटा कारण देखिन्छ ,पहिलो कर्मचारी स्वयं वस्न नचाहने अवस्था र दोस्रो वस्न नदिने अवस्था खास गरेर स्थानीय राजनैतिक दलको व्यवहार । कर्मचारीहरूलाई यो दलको नजिक ,उ दलको नजिक भनेर कर्मचारी प्रशासन नै हो । राजनैतिक दलले पूर्वाग्रह राखेर कर्मचारीलाई व्यवहार गर्दा त्यसले प्रशासन संयन्त्रमा असर पुऱ्याउँछ । जनताले दुःख पाउँछन त्यसैले म सबै राजनैतिक दललाई आग्रह गर्छु :कर्मचारीहरूलाई तेरो र मेरो नभनी दिनुस ।मैले यो कुरा निजामती सेवामा काम गरेको २७ वर्षको अनुभवले भनेको हुँ। कर्मचारीहरूले शुक्रवार भएपछि जिल्ला छोड्ने प्रवृत्ति छोड्नु पर्दछ। आफुले जिल्ला छोड्दा कम्तीमा २ वटा जस लिएर जानुपर्दछ । आफ्नो नीजी कामलाई स्वार्थ बनाएर हिड्दा जिल्लामा धेरै अनुपस्थित हुँदा कालन्तरमा त्यो वानी बन्छ । त्यसले सेवा प्रवाहमा नकारात्मक असर पर्दछ । आफुमा पनि हिनतावोध वढ्छ। बेचैनी बढ्छ। त्यो वानी अर्को जिल्लामा जादाँ पनि त्यही हुन्छ। सकारात्मक सोच राखेर सरकारले दिएको वेतनमा आफ्नो कर्तव्य र जीवनलाई व्यवस्थीत बनाउन सकिन्छ त्यसो गर्न सिक्नुपर्दछ। जागीर भर हाँसेर/मुस्कान दिएर सेवा प्रवाहमा लाग्नुस त्यो नै तपाईहरूको सच्चा सम्पत्ति हुनेछ ।

त्यसैगरी तेस्रो दिनको सहजीकरण नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका निर्देशक तुलसी रमण सिंदेलले गर्नुभयो,उहाँले अशल शासन तथा संगठनात्मक संरचना र कार्यगत शैली विषयमा प्रशिक्षण दिनुभयो।

समापनः समग्रको कार्यकारी निर्देशकले समग्रले गोरखामा गरेको कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गनुदुँदै तालिममा सहभागी हुनुभई प्रभावकारिरुपमा आफ्नो भूमिका निमाउँनु भएकोमा सबैलाई धन्यवाद दिँदै कार्यशालाको समापन गर्नुभयो ।